मान्य।

............................

अध्यक्ष

श्री बाणगंगा सामुदायिक वन उपभेक्ता समुह
शितगंगा न.पा. १४ अर्घाखाँची

**काठ/दाउरा लिलाम सम्बन्धी सुचना ।**

**प्रथम पटक प्रकाशित - २०८२/०८/१० (लुम्बिनी दैनिक)**

यस सामुदायिक बनको स्वीकृत बन सम्वर्द्धन प्रणालीमा आधारीत बन कार्ययोजना बमोजिम डिभिजन बन कार्यालय अर्घाखाँचीबाट संकलन सहमती लिई संकलन गरेको काठ/दाउरा शितगंगा - १४ कालीदमारमा घाटगद्धीमा रहेका निम्न परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने भएकोले यो सुचना प्रकाशन गरिएको छ । काठ/दाउराको कारोबार गर्ने उदेश्यले स्थायी लेखा नम्बर (PAN) र मुल्यअभिवृद्धि कर (VAT) मा दर्ता भएका व्यक्ति वा फर्मले यो सुचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ सौ दिन सम्म दाखिला गर्न आह्वान गरिन्छ

| सि. नं. | जात | लट नं. | ग्रेड | गो.थान | परिमाण घन फिट | न्युनतम दर रेट प्रति ईकाइ | |
|---|---|---|---|---|---|---|---|
| १ | असना | - | B | १ | १४.०५ | ३००।- | |
| | | | C | १३ | ७६.६९ | १००।- | |
| २ | कर्मा | | A | १ | १९.१४ | ४००।- | |
| | | | B | ३ | ४४.७८ | ३००।- | |
| | | | C | ७ | ६५.४० | १००।- | |
| ३ | जामुन | | B | १ | ८.४६ | ३००।- | |
| | | | C | ६ | ४१.१७ | १००।- | |
| ४ | बोटधाईरो | | - | ५ | १७.२५ | १००।- | **कटान मुछान खर्च** |
| ५ | कुसुम | | - | ७ | ४०.३४ | १००।- | **काठ रु.१२५।-प्रति क्यू.फि.** |
| ६ | टिकुली | | - | १ | १.९५ | १००।- | **दाउरा १२०००।- प्रति चट्टा** |
| ७ | दबदबे | | - | ३ | १०.८२ | १००।- | |
| ८ | बाँझी | | - | १८ | १५५.३५ | १००।- | |
| ९ | साल दाउरा | | | १५.५० चट्टा | | १२०००।- | |
| १० | अन्य दाउरा | | | ५.०० चट्टा | | ४०००।- | |
| ११ | साल | - | A | ७१ | १२०६.२० | १२५०।- | |
| | | | B | १२० | १२८८.२१ | ९००।- | |
| | | | C | ३०० | १९०२.४८ | ६००।- | |
| | | | D | १३४ | ५४३.१० | ३००।- | |

१. बोलमत्र खरिद गर्ने अन्तिम मिति र समय २०८२/०९/०१ गते कार्यालय समय भित्र । (बिदा परे सो को भोलि पल्ट)

२. बोलमत्र दाखिला गर्ने अन्तिम मिति र समय २०८२/०९/०२ गते कार्यालय समय भित्र । (बिदा परे सो को भोलि पल्ट)

३. बोलपत्र खरिद र दाखिला गर्न सक्ने स्थानहरु -

**(क) समुहको कार्यालय । (ख) डिभिजन बन कार्यालय अर्घाखाँची ।**

४. बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस सामुदायिक बनको नाममा रहेको कृषि बिकास बैंक शाखा कार्यालय बुटवलमा रहेको खाता नं. ०४१४८००२४५९३८०१० मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्ने छ । **बैंक ग्यारेन्टी मान्य हुने छैन ।**

५. प्रति बोलपत्र बापत रु.२०००।- लाग्ने छ र सो रकम पनि उपरोक्त बैंक खातामा जम्मा गरेको भौचर पेश गरे पछि मात्र पाईने छ

६. लिलाम हुने बन पैदावार शितगंगा १४ कालीदमारमा रहेको घाटगद्धीमा स्थलगत रुपमा हेर्न सकिने छ ।

७. रितपुर्वक र न्युनतम सख्याको बोलपत्र पेश भएमा मिति २०८२/०९/०३ गते दिउसो १.०० बजे समितिका पदाधिकारी, बन कर्मचारी, खरिदकर्ता प्रतिनिधि (उपस्थित नभए पनि) र अन्य ब्यक्तिहरुको रोहबरमा समुहको कार्यालयमा खोलिने छ ।

८.लिलाममा भाग लिन चाहने ब्यक्ति वा फर्मले नागरिकता, कर चुक्ताको प्रमाण पत्र, उद्योग दर्ता, मुल्य अभिवृद्धि कर (VAT) मा दर्ता को प्रमाण पत्र, र स्थायी लेखा नम्बर(PAN) र डिभिजन बन कार्यालयमा सुचिकृत भएको प्रमाण पत्रको को प्रतिलिपिहरु बोलपत्र साथ पेश गर्नु पर्ने छ ।

९.सकार रकम अंक र अक्षेरमा लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक पाईएमा अक्षरलाई मान्यता दिईने छ ।

१०. बोलपत्र सदर वा बदर गर्ने अधिकार यस सामुदायिक बन उपभोक्ता समुहलाई निहित रहने छ ।

११. लिलाम स्वीकृत भएको जानाकारी पाएको १० (दश) दिन भित्र सकार गरेको मुल्य, मु.अ.कर र नियमानुसार लाग्ने अन्य कर र कटान मुछान खर्च बुझाई लिलाम भएको बन पैदावार तोकिएको समयभित्र प्रकिया पुरा गरी लैजानु पर्ने छ ।

११. लट अनुसार छुट्टाछुट्टै बोलपत्र पेश गर्नु पर्ने छ ।

१२. थप जानाकारीको लागि यस समुहको कार्यालयमा सम्पर्क राख्नु होला ।

१३. अन्य प्रचलित कानुन बमोजिम हुने छ ।

खोजी गरेको छ।

# काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना।

प्रथम पटक प्रकाशित मिति - २०८२/०८/१०

यस सामुदायिक बन उपभोक्ता समुहको बनबाट उत्पादन भई शितगंगा १४ कालीदमारमा घाटगद्दी गरी राखिएको साल जातको काठ ४९३९.९९ क्यू. फि., अन्य जातको ४९५.४१ क्यू. फि. साल दाउरा १५.५० चट्टा र अन्य दाउरा ५.०० चट्टा जे जस्तो अबस्थामा छ सोही अबस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ सस्था, फर्म वा कम्पनिले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद तथा दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि बिस्तृत जानाकारीको लागि यस सामुदायिक बन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सुचना यस सामुदायिक बन उपभोक्ता समुहको कार्यालयको सुचना पाटीमा, डिभिजन बन कार्यालय अर्घाखाँचीमा र अर्घाखाँची जिल्ला स्थित अन्य कार्यालयहरुमा समेत टाँस गरिने छ।

**श्री वाणगंगा सामुदायिक बन उपभोक्ता समुह**

शितगंगा न.पा. १४ अर्घाखाँची